२०६६ साल साउन १४ गते रोज ४ का दिन १७.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. एशियाली विकास बैंकको वैकल्पिक कार्यकारी निर्देशक पदमा मनोनयन गर्ने (डा. गोविन्दबहादुर थापालाई) विषयको अर्थ मन्त्रालयको नं. २।२५-०६६।३।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. कृषिको व्यवसायीकरण तथा व्यापार आयोजना कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने सहुलियतपूर्ण ऋण र अनुदान सहायता स्वीकार गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।३४-०६६।४।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. विद्युत विकास कोष आयोजना कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय विकास संस्थाबाट प्राप्त हुने अनुदान र ऋण सहयोग स्वीकार गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।३५-०६६।४।१२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदमा नियुक्ति (डा.जीवेन्द्र झालाई) गर्ने विषयको ऊर्जा मन्त्रालयको नं. २क।७-०६६।४।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. छानविन समिति गठन गर्ने विषयको गृह मन्त्रालयको नं. ६।४४-०६६।४।२ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत रहेको खण्ड १) को उपखण्ड २. को सट्टा देहायको उपखण्ड २. राख्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

२. श्री अमरसिंह शाह - सुरक्षा विज्ञ - सदस्य

६. मनाङ्ग जिल्ला, नार गा.वि.स.मा मृत्यु भएका मृतकका परिवारलाई किरिया खर्च उपलव्ध गराउने विषयको गृह मन्त्रालयको नं. ६।४५-०६६।४।८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा (प्र.ना.म. श्री मदनबहादुर खड्का समेत ६ जनालाई) गर्ने विषयको गृह मन्त्रालयको नं. ६।५३-०६६।४।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा बढुवा (श्री मोतीबहादुर गुरुङ्ग समेत २ जनालाई) गर्ने विषयको गृह मन्त्रालयको नं. ६।५४-०६६।४।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा (श्री कृष्णबहादुर विष्ट समेत ४ जनालाई) गर्ने विषयको गृह मन्त्रालयको नं. ६।५५-०६६।४।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) १९७९ को चौथो र पाँचौ संयुक्त आवधिक प्रतिवेदन CEDAW समितिमा पठाउने विषयको महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको नं. ११।८-०६६।४।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. चितवन राष्ट्रिय निकुञ्ज भित्र संचालन भई हाल बन्द रहेका होटलहरुको सम्बन्धमा सुझाव पेश गर्न कार्यदल गठन गर्ने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।१३-०६६।४।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. ऋण लगानीस्वरुप उपलब्ध गराउने (नेसनल ट्रेडिङ लिमिटेडलाई) विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३क।८-०६६।४।६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. नेपाल खाद्य संस्थानको महाप्रवन्धक पदमा नियुक्ति (श्री हरि नारायण शाहलाई) गर्ने विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३क।११-०६६।४।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. सल्लाहकार नियुक्ति (श्री मदनप्रसाद कुशवाहलाई) गर्ने विषयको शिक्षा मन्त्रालयको नं. १६।९-०६६।४।१४ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत रहेको “राज्यमन्त्रीले पाए सरहको सेवा, सुवि।” भन्ने व्यहोराको सट्टा “राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले पाए सरहको पारिश्रमिक र सुविधा” भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. स्वेच्छिक अवकाश दिने (श्री ज्ञानप्रसाद भट्टराई समेत) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।२९-०६६।४।११ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको खण्ड ख) को सट्टा देहायको खण्ड ख) राख्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

ख) स्वेच्छिक अवकाश मिति २०६६।४।१९ देखि लागू गर्ने ।

१६. राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री जनकराज जोशीले आफ्नो पदबाट मिति २०६६ साल साउन ११ गतेदेखि लागू हुने गरी दिनु भएको राजिनामा सोही मितिदेखि लागू हुने गरी स्वीकृत गर्ने र नेपाल सरकारको निजामती सेवाको विभिन्न ओहदामा रही गर्नु भएको सेवाका निमित्त उहाँलाई धन्यवाद दिंदै उज्ज्वल भविष्यको कामना गर्ने ।

२०६६ साल साउन ९ गते रोज ६ का दिन १७.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. सर्वसाधारणको उपभोगमा आउने खाद्यान्न, तरकारी, फलफूल जस्ता अत्यावश्यक वस्तुको मूल्य अत्यधिकरुपमा बढिरहेको परिपेक्ष्यमा यसरी मूल्य बृद्धि हुनाका कारण पत्ता लगाई के कसरी मूल्य नियन्त्रण गर्न सकिन्छ अध्ययन गरी पन्ध्र दिनभित्र नियन्त्रणका अल्पकालिन र दीर्घकालिन कार्ययोजना सहितको सुझाव प्रतिवेदन पेश गर्न देहायबमोजिमको कार्यदल गठन गर्ने -

| | | | |
|---|---|---|---|
| १. | राष्ट्रिय योजना आयोगका उपाध्यक्ष | - | संयोजक |
| २. | अर्थ मन्त्रालयका सचिव | - | सदस्य |
| ३. | कृषि तथा सहकारी मन्त्रालयका सचिव | - | सदस्य |
| ४. | गृह मन्त्रालयका सचिव | - | सदस्य |
| ५. | वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव | - | सदस्य |
| ६. | नेपाल राष्ट्र बैंकका अधिकृत प्रतिनिधि | - | सदस्य |
| ७. | उपभोक्ता महासंघका प्रतिनिधि | - | सदस्य |
| ८. | नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि | - | सदस्य |
| ९. | राष्ट्रियस्तरका किसान संघ/संगठनका प्रतिनिधि | - | सदस्य |

२. नेपाल सरकारका मुख्य सचिव डा. भोजराज घिमिरे निजामती सेवा ऐन, २०४९ को दफा १७ बमोजिमको पदावधि पुरा भई मिति २०६६ साल साउन २२ गते देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएको र उहाँ मिति २०६६ साउन ११ गते देखि अनिवार्य अवकाश नहोउञ्जेलको अवधि २०६६ साउन २१ गतेसम्म विदामा बस्नु हुने भएकोले निजामती सेवा ऐन, २०४९ को दफा १३ को उपदफा (१) बमोजिम मिति २०६६।४।११ देखि २०६६।४।२१ गतेसम्म शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव श्री माधवप्रसाद घिमिरेलाई मुख्य सचिव पदमा कायम मुकायम मुकरर गर्ने र उहाँलाई मिति २०६६।४।२२ गतेदेखि लागू हुने गरी निजामती सेवा ऐन, २०४९ को दफा १९ को उपदफा (२) को खण्ड (क) बमोजिम राजपत्राङ्कित विशिष्ट श्रेणीको नेपाल सरकारको मुख्य सचिव पदमा बढुवा गर्ने ।

३. नेपाल कृषि सेवाका राजपत्राङ्कित प्रथम श्रेणी, सह सचिव (प्रा.) श्री धनराज रतालालाई निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा कायम मुकायम मुकरर गर्ने ।

४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५० बमोजिम देहायका मुलुकमा रहेका नेपाली राजदूतावासमा रिक्त राजदूत पदमा नियुक्तिको लागि देहायबमोजिमका महानुभावहरुलाई सम्भाव्य उम्मेदवारमा सिफारिश गर्ने र सो बमोजिम सिफारिश भएका व्यक्तिहरुको नाम नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५५ को प्रयोजनका लागि व्यवस्थापिका संसद समक्ष पठाउने तथा व्यवस्थापिका संसदबाट अस्वीकृत नभएमा निजहरुको नाम नियुक्तिका लागि नेपाल सरकारका मुख्य सचिवले सम्माननीय राष्ट्रपति समक्ष पेश गर्ने-

(क) क्यानाडाका लागि डा. भोजराज घिमिरे, झापा

(ख) श्रीलंकाका लागि श्री सुशिलचन्द्र अमात्य, ललितपुर

५. मं.प.प्र.स.१।०६६ मिति २०६६।४।९ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकबाट राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पद बाइसमा बढुवा गर्न र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सचिव पद दुइमा नियुक्ति गर्न भएको निर्णय मन्त्रिपरिषद्लाई जानकारी भयो ।

६. पूर्व प्रधानमन्त्री माननीय पुष्प कमल दाहाल 'प्रचण्ड' लाई मिति २०६६ जेठ महिना देखि आवास सुविधा वापत घर भाडा र धारा, विजुलीको विल बमोजिमको महसुल उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयमार्फत निकासा दिने ।

७. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६५।८।१८ को निर्णयबमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २३ बमोजिम गठन भएको जाँचबुझ समितिले मिति २०६५।९।११ मा नेपाल

सरकार समक्ष पेश गरेको सिफारिश प्रतिवेदनमा विजयनाथ भट्टराईका सम्बन्धमा सर्वोच्च अदालतबाट अन्तिम निर्णय हुँदा जो ठहर हुन्छ सोही बमोजिम हुनेगरी नेपाल राष्ट्र बैंकको गभर्नर पदमा कानून बमोजिम तत्काल उपयुक्त व्यक्ति नियुक्त गरी पदपूर्ति गर्न नेपाल सरकार समक्ष सिफारिश गरेको आधारमा नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्ति सम्बन्धी प्रकिया अघि वढी दीपेन्द्रबहादुर क्षेत्रीलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६५।१०।२ को निर्णयानुसार नेपाल राष्ट्र बैंकको गभर्नर पदमा नियुक्ति गरिएको र हाल सम्मानीत सर्वोच्च अदालतबाट विजयनाथ भट्टराईले भ्रष्टाचारको अभियोगबाट सफाई पाएकोले निजलाई गभर्नर पदमा पुनर्बहाली गर्न देहायबमोजिम गर्ने -

नेपाल राष्ट्र बैंकका तत्कालिन गभर्नर श्री विजयनाथ भट्टराई विशेष अदालतको फैसला बमोजिम मिति २०६४।३।१५ देखि निलम्वनमा परेको र सर्वोच्च अदालतमा निजको मुद्दा विचाराधिन रहेको कारण उक्त बैंकको गभर्नरको कार्यभार सम्हाल्न नमिलेको कारणबाट निजलाई मिति २०६५।९।१६ देखि पदमुक्त गर्ने निर्णय भएकोमा सम्मानीत सर्वोच्च अदालतबाट निजलाई सो अभियोगबाट सफाई दिएकोले हाल कार्यरत गभर्नर श्री दीपेन्द्रबहादुर क्षेत्रीलाई अवकाश दिई श्री विजयनाथ भट्टराईलाई निजको वाँकी अवधि अर्थात मिति २०६६।१०।१७ सम्मका लागि नेपाल राष्ट्र बैंकको गभर्नर पदमा पुनर्वहाली गर्ने ।

२०६६ साल साउन ८ गते रोज ५ का दिन १६.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. Nepal's State-building: Growth and Development Strategy विषयको तालिम कार्यक्रममा भाग लिन पठाउने (राष्ट्रिय योजना आयोगका सदस्य डा. दिनेशचन्द्र देवकोटालाई) विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।२७-०६६।३।३१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजनाका लागि एशियाली विकास बैंकले अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धमा वार्ता टोली गठन गरी त्यसतर्फ पठाउने विषयको अर्थ मन्त्रालयको नं. २।२८-०६६।३।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. जनकपुर चुरोट कारखाना लि. को साविक अध्यक्षलाई पदमुक्त गरी नयाँ अध्यक्ष नियुक्ति (श्री राम आशिषप्रसाद गुप्तालाई) गर्ने विषयको उद्योग मन्त्रालयको नं. ३।११-०६६।४।८ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "गुप्तालाई" भन्ने शब्दपछि "बढीमा" भन्ने शब्द थप गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. अदालत तोक्ने विषयको कानून तथा न्याय मन्त्रालयको नं. ४।२२-०६६।३।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. वि.सं. २०४८ भन्दा अगाडि सरकारबाट नियुक्त सहकारी संघ/संस्थाका बाँकी कर्मचारीहरूलाई उपदान सुविधा उपलब्ध गराउन निकासा दिने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।२८-०६६।३।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. क्षति मिनाहा गर्ने (क्षेत्रीय माटो परीक्षण प्रयोगशाला, कास्कीको) विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।३२-०६६।३।२५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. जग्गा दर्ता गर्ने (प्लान्ट क्वारेन्टाइन उप-चेकपोष्ट मुस्ताङ्गको नाममा) विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।३४-०६६।३।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. नेपाल-चीन सीमा सुरक्षासम्बन्धी छलफल कार्यक्रममा भाग लिन जाने विषयको गृह मन्त्रालयको नं. ६।३६-०६६।३।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. Senior Executive Course मा सहभागी हुन जाने (सचिव) विषयको गृह मन्त्रालयको नं. ६।३७-०६६।३।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. Asian Disaster Reduction Center, Kobe, Japan को Visiting Researcher कार्यक्रममा भाग लिन जाने (शाखाअधिकृत सागर मिश्र) विषयको गृह मन्त्रालयको नं. ६।३८-०६६।३।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. मध्यपुर ठिमी नगरपालिका, चपाचोमा मृत्यु भएका मृतकका परिवारलाई किरिया खर्च उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ६।३९-०६६।३।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. प्रतिवेदनहरू सार्वजनिक गर्ने विषयको गृह मन्त्रालयको नं. ६।४०-०६६।३।३० को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको क्र.सं. ५. पछि देहायको क्र.सं. ६. थप गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

६. मधेशी युवा फोरमका उपत्यका अध्यक्ष श्री जीतेन्द्र शाहको बारेमा पुनरावेदन अदालतका पूर्व मुख्य न्यायाधीश श्री गोविन्दप्रसाद पराजुलीको अध्यक्षतामा गठित जाँचबुझ आयोग, २०६५ ।

१३. अध्ययन भ्रमणमा जान स्वीकृति दिने विषयको गृह मन्त्रालयको नं. ६।४१-०६६।३।३१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. नेपाल र कतारबीच हवाई सम्झौता वार्ता गर्ने विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८का६-०६६।३।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. नेपाल र भारतबीच हवाई सम्झौता वार्ता गर्ने विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।७-०६६।३।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्ष नियुक्ति (सुगतरत्न कंसाकारलाई) गर्ने समेत विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।९-०६६।४।८ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत खण्ड (ख) मा रहेको "पाउने गरी" भन्ने व्यहोरा पछि "बढीमा" भन्ने शब्द थप गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. मिन्हा (खा.पा. तथा सरसफाइ सब डिभिजन कार्यालय, कञ्चनपुर महेन्द्रनगरको) गर्ने विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०।१५-०६६।३।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१८. मिन्हा (इनरुवा खानेपानी आयोजनाको) गर्ने विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०।१६-०६६।३।२४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१९. वाग्मती नदीको सुन्दरीजल-गोकर्ण खण्डमा भौतिक पूर्वाधार निर्माणका कार्यहरू नेपाली सेनामार्फत् गराउने विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०।१८-०६६।३।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२०. ग्रामीण विद्युत् सहकारी संस्था लि.लाई ईन्टेक र शक्ति गृह निर्माणको लागि रुखहरू हटाई वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।९-०६६।३।२२ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "४० वर्षको" भन्ने व्यहोराको सट्टा "तीस वर्षको" भन्ने व्यहोरा राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२१. रमौली प्रतापपुर बस्ती स्थानान्तरण समिति गठन गरी रकम निकासा दिने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।११-०६६।३।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२२. डोलोमाईट चूनढुङ्गा उद्योग प्रा.लि., पाल्पालाई चून ढुङ्गा उत्खनन् कार्यको लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।१२-०६६।३।३० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२३. नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि. लाई ऋण उपलब्ध गराउने विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३क।७-०६६।३।२६ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२४. जलवायु परिवर्तन परिषद् गठन सम्वन्धी अवधारणा-पत्र स्वीकृत गर्ने विषयको वातावरण मन्त्रालयको नं. १४।३-०६६।३।२९ को प्रस्ताव - प्रस्तावसाथ संलग्न जलवायु परिवर्तन परिषद् गठन सम्वन्धी अवधारणा-पत्रमा उल्लिखित "जलवायु परिवर्तन परिषद्को सदस्यमा कानून तथा न्याय मन्त्री" र "राष्ट्रिय तयारी समितिको सदस्यमा कानून तथा न्याय मन्त्रालयका सचिव" लाई थप गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. उपदान तथा निवृत्तभरण कोष बन्द गर्ने विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।२४-०६६।३।२८ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२६. नेपाल चिकित्सक संघको २४ औं अखिल नेपाल चिकित्सक सम्मेलनका लागि आर्थिक सहयोग उपलब्ध गराउने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।३९-०६६।३।३१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२७. सामाजिक स्वास्थ्य संरक्षण, संघीयता र स्वास्थ्यसम्बन्धी विषयमा जर्मनीको अवलोकन भ्रमण (माननीय मन्त्रीको नेतृत्वमा) गर्ने विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।४२-०६६।४।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२८. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६३।४।२२ को निर्णयबाट राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्य सचिव पदमा २०६३ साल साउन २२ गतेदेखि बढुवा नियुक्त हुनु भएका डा. भोजराज घिमिरे निजामती सेवा ऐन, २०४९ को दफा १७ बमोजिम पदावधि पूरा भई यही २०६६।४।२२ गतेदेखि नेपाल सरकारको निजामती सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकाले नेपाल

सरकारको निजामती सेवाको विभिन्न ओहदामा रही गर्नु भएको सेवाका निमित्त उहाँलाई धन्यवाद दिंदै उज्ज्वल भविष्यको कामना गर्ने ।

२९. सुकुम्वासी समस्या समाधान आयोगका अध्यक्ष श्री कैलाश महतोले उक्त आयोगको अध्यक्ष पदबाट मिति २०६६।४।२ गते दिनुभएको राजिनामा सधन्यवाद स्वीकृत गर्ने ।

३०. सामान्य प्रशासन मन्त्रालयको मिति २०६६।३।२६ को पत्रानुसार बढुवा समितिको सिफारिश बमोजिम महालेखा परीक्षकको कार्यालयका नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, नायव महालेखापरीक्षक श्री खेमप्रसाद दाहाललाई नेपाल लेखापरीक्षण सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको उप-महालेखापरीक्षक पदमा बढुवा नियुक्ति गर्ने ।

३१. सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रका केही जिल्लाहरूमा झाडापखालाको महामारी फैलिई सर्वसाधारणको मृत्यु भइरहेकाले सो रोगको तत्काल नियन्त्रण गर्न र प्रभावकारी ढङ्गले स्वास्थ्योपचारको व्यवस्था मिलाउन के गर्न उपयुक्त हुन्छ सात दिनभित्र सुझाव सहितको प्रतिवेदन पेश गर्न देहायबमोजिम कार्यदल गठन गर्ने -

| | | | |
|---|---|---|---|
| १. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव | - | संयोजक |
| २. | अर्थ मन्त्रालयका सचिव | - | सदस्य |
| ३. | गृह मन्त्रालयका सचिव | - | सदस्य |
| ४. | वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव | - | सदस्य |
| ५. | स्थानीय विकास मन्त्रालयका सचिव | - | सदस्य |

३२. देशको विभिन्न भागमा खडेरी परी समयमा बालिनाली लगाउन नसकेको कारण भविष्यमा खाद्यान्न न्यून भई आउने समस्यालाई निराकरण गर्न र खडेरीबाट प्रभावित कृषकलाई तत्काल उपलब्ध गराउनुपर्ने सुविधाका सम्बन्धमा के कसो गर्नु उपयुक्त हुन्छ सोको अध्ययन विश्लेषण गरी सात दिनभित्र सुझाव सहितको प्रतिवेदन पेश गर्न देहायबमोजिम कार्यदल गठन गर्ने -

| | | | |
|---|---|---|---|
| १. | कृषि तथा सहकारी मन्त्रालयका सचिव | - | संयोजक |
| २. | अर्थ मन्त्रालयका सचिव | - | सदस्य |
| ३. | वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव | - | सदस्य |
| ४. | सिचाई मन्त्रालयका सचिव | - | सदस्य |

३३. कानून तथा न्याय मन्त्रालयको मिति २०६६।३।१० को पत्रानुसार नेपाल कानून आयोगका काठमाडौं उपत्यका बाहिर घर हुने सदस्यहरूलाई आयोगको बैठकमा सहभागी हुन उपस्थित हुँदा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतले पाए सरहको दैनिक भत्ता तथा भ्रमण खर्च उपलब्ध गराउने ।

२०६६ साल साउन ४ गते रोज १ का दिन १९.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. संवैधानिक निकायका पदाधिकारी, राष्ट्र सेवक कर्मचारी तथा शिक्षकलाई महंगी भत्ता दिने, स्थानीय भत्ता तथा फिल्ड भत्ताको रकम बृद्धि गर्ने र राष्ट्रसेवक कर्मचारीहरूको हालको श्रेणीगत तलवमानमा देखिएको विसंगति हटाउन केही पदहरूको तलबमान समायोजन गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।३३-०६६।४।४ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित खण्ड (क) र (ख) मा उल्लिखित सुविधा नेपाल सरकारको वजेटबाट पारिश्रमिक पाउने पदाधिकारीहरू समेतलाई उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रको जाजरकोट, रुकुम लगायतका जिल्लामा झाडा पखालाको महामारी फैलिएकाले सो झाडा पखालाको कारणबाट मृत्यु हुने मृतकका परिवारलाई देहायबमोजिमको आर्थिक सहयोग केन्द्रीय दैवी प्रकोप उद्धार कोषबाट उपलब्ध गराउने -

   (क) घरको मूलीको मृत्यु भएमा पन्ध्र हजार रुपैयाँ ।

   (ख) घर मूली बाहेक अन्य सदस्यको मृत्यु भएमा प्रति मृतक दश हजार रुपैयाँ ।

३. मन्त्रिपरिषद्को निर्णयले सवारी साधन प्रयोग गर्ने अनुमति दिइएका वाहेक अन्य महानुभावहरूले मन्त्रिपरिषद्को निर्णय वेगर सरकारी सवारी साधन प्रयोग गरी रहनुभएको भए त्यस्तो सवारी साधन पन्ध्र दिनभित्र फिर्ता लिने व्यवस्था मिलाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने ।

४. संवत् २०६६ साल साउन ७ गते सूर्यग्रहण लाग्ने भएकाले उक्त दिन नेपालभरका सरकारी कार्यालय र विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा सार्वजनिक विदा दिने ।

५. लोककल्याणकारी विज्ञापनको रकम वृद्धि लगायत विभिन्न विषयहरुमा बजेट थप गर्ने विषयको सूचना तथा सञ्चार मन्त्रालयको नं. १९।३५-०६६।४।४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।